कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, जाजरकोट

प.सं. : २०८१/०८२ मिति: २०८१/०५/२५

**बिषय : कार्यक्रम संचालनका लागी प्रस्ताव आह्वान सम्बन्धी सूचना ।**

सूचना नं : ०६

प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/०५/२५

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार बार्षिक रुपमा संचालन हुने अनुदान तर्फका तपसिलका कार्यक्रम/क्रियाकलापहरुमा लक्षित क्षेत्रका कृषक, कृषक समूह, कृषि सहकारी तथा निजि फर्महरुबाट दरखास्त आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र (मिति २०८१।०६।२३ गते सम्म) सो दिन सार्वजनिक बिदा पर्न गएमा अर्को दिन कार्यालय समयमा तपसिलमा उल्लेखित कागजातहरु संलग्न राखि सुचिकृत हुनुका साथै आवेदन पेश गर्नुहुन अनुरोध छ। म्याद नाघेको वा रित नपुगी प्राप्त हुन आएका निबेदन उपर कुनै कारवाही हुने छैन। यस सम्बन्धी थप जानकारीका लागी कार्यालयको **website : adojajarkot.gov.np** मा हेर्न सकिने र कार्यालयको फोन नं ०८९-४३०१२५ मा सम्पर्क गर्न सकिने व्यहोरा अनुरोध छ ।

तपसिलः

| सि नं | आयोजना/कार्यक्रमको नाम | जम्मा रु | मापदण्ड |
|---|---|---|---|
| १. | युवालक्षित कृषि कार्यक्रम | १० लाख | ➢ उमेर पच्चिस वर्ष देखि पचास वर्ष सम्म भएको,<br>➢ विदेशबाट फर्किएर कृषि पेशामा आवद्ध भएकालाई प्राथमिकता,<br>➢ सम्बन्धित विषयमा तालिम प्राप्त गरेकालाई प्राथमिकता,<br>➢ विगतदेखि कृषि कर्म गरिरहेकालाई प्राथमिकता।<br>➢ व्यवसाय सञ्चालनको लागि व्यावसायिक योजना अनुसारको बढीमा तरकारी तथा मसला बालीमा पचास हजार, च्याउ खेतीको लागि तीस हजार, पशुपालनको लागि एक लाख, मौरीपालनमा पचास हजार र पुष्पखेतीमा पचास हजार सम्म अनुदानको उपलब्ध गराउन सकिनेछ।<br>➢ अनुदानग्राहीको लागत सहभागिता न्यूनतम पचास प्रतिशत हुनु पर्नेछ। |

| सि नं | आयोजना/कार्यक्रमको नाम | जम्मा रु | मापदण्ड |
|---|---|---|---|
| २. | मागको आधारमा युवा लक्षित कृषि कार्यक्रम | ९.४ लाख | ➢ उमेर पच्चिस वर्ष देखि पचास वर्ष सम्म भएको,<br>➢ विदेशबाट फर्किएर कृषि पेशामा आवद्ध भएकालाई प्राथमिकता,<br>➢ सम्बन्धित विषयमा तालिम प्राप्त गरेकालाई प्राथमिकता,<br>➢ विगतदेखि कृषि कर्म गरिरहेकालाई प्राथमिकता।<br>➢ व्यवसाय सञ्चालनको लागि व्यावसायिक योजना अनुसारको बढीमा तरकारी तथा मसला बालीमा पचास हजार, च्याउ खेतीको लागि तीस हजार, पशुपालनको लागि एक लाख, मौरीपालनमा पचास हजार र पुष्पखेतीमा पचास हजार सम्म अनुदानको उपलब्ध गराउन सकिनेछ।<br>➢ अनुदानग्राहीको लागत सहभागिता न्यूनतम पचास प्रतिशत हुनु पर्नेछ। |
| ३. | चक्लावन्दी खेती प्रवर्द्धन कार्यक्रम | १५ लाख | ➢ अनुदान रकम कार्यक्रमको कुल लागतको बढीमा पचास प्रतिशत,<br>➢ चक्लाबन्दी कार्यक्रम नियमावलीको नियम १० बमोजिम गर्न सकिने<br>➢ कृषि सिँचाईको हकमा अधिकतम पचासी प्रतिशतसम्म अनुदान रकम उपलब्ध हुने।<br>➢ उच्च पहाडमा कम्तीमा एक हेक्टर र अन्य क्षेत्रमा तीन हेक्टर क्षेत्रफलमा चक्लाबन्दीमा कृषि व्यवसाय सञ्चालन गर्नुपर्ने,<br>➢ खेती योजना कम्तीमा पाँच वर्षसम्मको हुनुपर्ने |
| ४. | कृषि व्यवसाय प्रबर्द्धन कार्यक्रम (फरक क्षमता भएका, द्वन्द्धपिडित, एकल महिला, दलित महिला तथा बिदेशबाट फर्किएका यूवाहरुका लागी आयमुलक कार्यक्रम) | ६ लाख | ➢ आन्दोलनका द्वन्द्धपिडित/घाईते/अपाङ्गता भएको व्यक्तिको हकमा प्रमाण पत्र वा जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र<br>➢ अन्यको हकमा परिचय खुल्ने कागजात |
| ५. | जग्गा भाडा तथा विद्युत महशुलमा अनुदान कार्यक्रम | २ लाख | ➢ कम्तिमा ५ रोपनी जग्गा भाडामा लिई व्यवसायिक खेती गरिरहेको<br>➢ कम्तिमा ५ बर्ष भाडा लिखित सम्झौता भएको हुनु पर्ने। |
| ६. | हिउँदे फलफुल बगैचा स्थापना (स्याउ, ओखर, किवि, हलुवावेद आदि) | १० लाख | ➢ व्यक्ति वा समुदायले न्यूनतम पाँच रोपनीको बगैचा स्थापना गर्नु पर्नेछ। |

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, जाजरकोट

| सि नं | आयोजना/कार्यक्रमको नाम | जम्मा रु | मापदण्ड |
|---|---|---|---|
| ७. | हलुवाबेद क्षेत्र बिस्तार कार्यक्रम | २ लाख | ➢ व्यक्ति वा समुदायले न्यूनतम पाँच रोपनीको बगैचा स्थापना गर्नु पर्नेछ। |
| ८. | किवी बगैंचा सुदृढिकरण कार्यक्रम | १५ लाख | ➢ लागतको ५०% अनुदान<br>➢ किविको कम्तिमा पनि ५ रोपनीमा बगैचा स्थापना गरेका कृषक हुनुपर्ने। |

आवश्यक कागजातहरु :

१. कार्यक्रममा सुचिकृत हुने तथा कार्यक्रम माग सम्बन्धि निवेदन।
२. कृषक समूह, सहकारी दर्ताको प्रमाण पत्रको प्रतिलिपि १ थान।
३. गत आर्थिक बर्षको संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपि ।
४. समुह/सहकारीको हकमा कार्यक्रम माग सम्बन्धी निर्णयको प्रतिलिपि
५. गत आर्थिक बर्ष सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण।
६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि।
७. दफा १९ को उपदफा (१) र (२) बमोजिमको अनुदान नलिएको स्वघोषणा पत्र, प्रतिबद्धता पत्र।
८. सम्बन्धित वडा कार्यालय/कृषि विकाश शाखाको सिफारिस पत्र।
९. आवेदन पेश गर्दा अनुदानग्राहीले एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म अनुदान माग गरेका कार्यक्रमका लागि एक सय रुपैयाँ र सो भन्दा बढी अनुदान माग भएको कार्यक्रमका लागि **पाँच सय** रुपैयाँ निवेदन दस्तुर कार्यालयको राजश्व खातामा बुझाएको बैंक भौचर वा नगद रसिद पेश गर्नु पर्नेछ।

*नोट :*

- *गत आ.व.हरुमा अनुदान प्राप्त नगरेका कृषकहरुलाई यस आ.व.का कार्यक्रमहरुमा समाबेश गर्न प्राथमिकता दिईनेछ।*
- *छनौट सम्बन्धी प्रक्रिया कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (संचालन तथा ब्यबस्थापन) कार्यविधि अनुसार हुनेछ।*
- *निवेदन मालिका कम्प्युटर सेन्टर (कार्यालय गेट नजिक) तथा यस कार्यालयको **website:adojajarkot.gov.np** गई **download** अप्सनबाट सम्बन्धित अनुसूचि **Download** गर्न सकिनेछ।*

Qabin

..............
दशरथ पाण्डे
नि.कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, जाजरकोट

प.सं. : २०८१/०८२ मिति: २०८१/०५/२५

**बिषय : उत्पादन प्रोत्साहन कार्यक्रममा प्रस्ताव आब्हान सम्बन्धी सूचना ।**

सूचना नं : ०८

प्रथम पटक सूचना प्रकाशन मिति: २०८१/०५/२५

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार बार्षिक रुपमा संचालन हुने **प्रोत्साहन अनुदान कार्यक्रम** तर्फका तपसिलका कार्यक्रम/क्रियाकलापहरुमा लक्षित क्षेत्रका कृषक तथा निजि फर्महरुबाट दरखास्त आव्हानका लागी यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र (मिति २०८१।०६।२३ गते सम्म) सो दिन सार्वजनिक बिदा पर्न गएमा अर्को दिन कार्यालय समयमा तपसिलमा उल्लेखित कागजातहरु सहित **अनुसूचि** २० अनुसारको प्रस्तावना फाराम यस कार्यालयमा पेश गर्न सूचित गरिन्छ। म्याद नाघेको वा रित नपुगी प्राप्त हुन आएका निबेदन उपर कुनै कारवाही हुने छैन। यस सम्बन्धी थप जानकारीका लागी कार्यालयको **website : adojajarkot.gov.np** मा हेर्न सकिने र कार्यालयको फोन नं ०८९-४३०१२५ मा सम्पर्क गर्न सकिने ब्यहोरा अनुरोध छ।

तपसिल:

| सि नं | आयोजना/कार्यक्रमको नाम | रकम रु | कैफियत |
|---|---|---|---|
| १. | आधुनिक मौरीघार/गोला संख्याको आधारमा नगद प्रोत्साहन अनुदान | ४ लाख | कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि २०८१ अनुसार संचालन हुने |
| २. | फलफुल खेती क्षेत्रफल तथा उत्पादनका आधारमा नगद प्रोत्सहान अनुदान कार्यक्रम | ६ लाख | " |
| ३. | फलफूल बिरुवा कलमिको आधारमा नगद प्रोत्साहन अनुदान | ३ लाख | " |
| ४. | रैथाने बाली उत्पादन क्षेत्रफलका आधारमा प्रोत्साहन अनुदान | २ लाख | " |

आवश्यक कागजातहरु:

१. निवेदन।
२. कृषि फर्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि।
३. सम्बन्धित स्थानिय तहको/ कृषि विकाश शाखाको सिफारिस पत्र।
४. संस्थागत हकमा संस्था दर्ताको प्रमाणपत्र र उत्पादन रेकर्ड

निमित कार्यालय प्रमुख

५. गत आर्थिक बर्षको संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपि ।
६. गत आर्थिक बर्ष सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण।
७. उत्पादन हुने वा कार्यक्रम संचालन हुने जरगाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि।

८. गत आ.ब हरुमा अनुदान नलिएको स्वघोषणा पत्र, प्रतिबद्धता पत्र।
९. नागरिकताको प्रतिलिपि।

नोटः प्रोत्साहन अनुदान बाहेक अन्य अनुदान प्राप्त गरी बाली वस्तु उत्पादन गरेको छ भने उक्त बाली वस्तुमा प्रोत्साहन अनुदान दिईने छैन।

व्यावसायिक कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन

कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि २०८१ को अनुसूची-१९ (दफा २१ को उपदफा (२) संग सम्बन्धित विवरण

| सि नं | विवरण | न्यूनतम क्षेत्रफल र सङ्ख्या | प्रोत्साहन अनुदान रकम | कैफियत |
|---|---|---|---|---|
| १. | तरकारी तथा मसला बाली (अदुवा, बेसार, खुर्सानी लसुन, प्याज) | पाँच रोपनी | बीस हजार रुपैयाँ | पाँच रोपनी भन्दा बढी भएमा प्रति रोपनी दुई हजार रुपैयाँका दरले बढीमा पचास हजार रुपैयाँ सम्म। |
| २. | फलफूल | • आँप, लिची, ओखर र एभोकाडो- पचास बोट,<br>• स्याउ, सुन्तलाजात एक सय, बोट<br>• अन्य (किवी, केरा, ड्रागन फ्रुट) फलफूल पाँच रोपनी | बीस हजार रुपैयाँ | • यस भन्दा बढी फल्ने बिरुवामा प्रति बिरुवा रु एक सय पचासका दरले थप गरि प्रति कृषक अधिकतम पचास हजार रुपैयाँसम्म।<br>• पाँच रोपनी भन्दा बढी क्षेत्रफलका लागि प्रति रोपनी दुई हजार रुपैयाँको दरले पचास हजार रुपैयाँ सम्म। |
| ३. | रैथाने बाली वस्तु (फापर, कोदो, चिनो, कागुनो, | प्रति बाली पाँच रोपनी | पन्ध्र हजार रुपैयाँ | पाँच रोपनी भन्दा बढीमा प्रति रोपनी दुई हजार रुपैयाँका दरले बढीमा पचास हजार रुपैयाँ सम्म। |

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, जाजरकोट

| | | | | |
|---|---|---|---|---|
| | लट्टे,) | | | |
| ४. | मौरीपालन | सेरेना प्रजातीः बीस घार गोला सहित<br>मेलिफेरा प्रजातीः पचास घार गोला सहित<br>(मध्यपहाडको हकमा आधुनिक घार हुनुपर्ने) | बीस हजार रुपैयाँ | न्यूनतम घार भन्दा बढी भएमा प्रति घार एक हजार रुपैयाँका दरले बढीमा पचास हजार रुपैयाँ सम्म। |
| ५. | फलफूलका कलमी बिरुवा | प्रति बिरुवा | सुन्तलाजातःतीन रुपैया<br>स्याउः पाँच रुपैया<br>ओखरः दश रुपैया<br>अन्यः तीन रुपैया | दर्ता भएका नर्सरीहरुलाई ओखरको हकमा न्यूनतम वार्षिक दुई सय बिरुवा र अन्य बिरुवाको हकमा न्यूनतम पाँच सय बिरुवा सङ्ख्या र गुणस्तरका आधारमा नगद प्रोत्साहन अनुदान दिने र प्रति नर्सरी अधिकतम एक लाख रुपैयाँसम्म दिन सकिने। |

Gabin

..................

दशरथ पाण्डे

नि.कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, जाजरकोट

प.स.: २०८१/०८२

मिति: २०८१/०५/२५

**बिषय : साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रमका लागि उपभोक्ता समिति गठन गरि सम्झौता गर्न आउने सम्बन्धी सूचना।**

सूचना नं : ०५

प्रथम पटक सूचना प्रकाशन मिति: २०८१/०५/२५

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार ब.उ.शि. नं ३१२०१९०२ र खर्च शिर्षक नं ३११५५ अन्तर्गतका साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम संचालनका लागि सम्बन्धित उपभोक्ताहरुले सम्बन्धित पालिका वा वडाको जनप्रतिनिधिको रोहवरमा सिचाई योजना निर्माण उपभोक्ता समिती गठन गरि तपसिलमा उल्लेखित कागजातहरु सहित प्रथम पटक सूचना प्रकाशित मितिले ३० दिन (मिति २०८१/०६/२३ गते) भित्र यस कार्यालयमा निवेदन साथ कागजात पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धी थप जानकारीका लागी कार्यालयको **website : adojajarkot.gov.np** मा हेर्न सकिने र कार्यालयको फोन नं **०८९-४३०१२५** मा सम्पर्क गर्न सकिने व्यहोरा अनुरोध छ।

तपसिल:

| क्र.स. | योजनाको नाम | ठेगाना | बजेट रु लाखमा |
|---|---|---|---|
| १ | रापानी देखि तल्लोबगर खैरेपाटा सिंचाई कुलो निर्माण | बारेकोट गाँउपालिका ८ | ५ |
| २ | गरुलि खोला देखि खुद सिंचाई पोखरी निर्माण सिंचाई | जुनिचाँदे गाँउपालिका ४ | ४ |
| ३ | भितारी देखि मुगरया पोखरी निर्माण | जुनिचाँदे गाँउपालिका ६ | ४ |
| ४ | सिन्यारी देखी डाडखेत सिचाइ योजना | कुशे गाँउपालिका ८ | ५ |
| ५ | चिने बुदबुदे सिंचाई आयोजना | जुनिचाँदे गाँउपालिका १० | ५ |
| ६ | टयाटेपरदेखि देउरालपानी सिंचाई योजना | नलगाड नगरपालिका ३ | ५ |
| ७ | मनाघाट डाव सिचाइ योजना | छेडागाड नगरपालिका १ | ५ |
| ८ | लोवरे खोला सिचाइ योजना | जुनिचाँदे गाँउपालिका ६ | ५ |
| ९ | छहरा सिचाइ योजना | नलगाड नगरपालिका ५ | ५ |
| १० | गोलामखेला छोरेखेत सिचाइ | बारेकोट गाँउपालिका २ | ५ |
| ११ | पुनातरा सिचाइ योजना | कुशे गाँउपालिका ८ | ४ |

Dabin



कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
## कृषि विकास निर्देशनालय
# कृषि विकास कार्यालय, जाजरकोट

| क्र.स. | योजनाको नाम | ठेगाना | बजेट रु लाखमा |
|---|---|---|---|
| १२ | मुठ सिचाइ पोखरी योजना | कुशे गाँउपालिका ५ | ५ |
| १३ | सिर्पाचौर सिचाइ योजना | बारेकोट गाँउपालिका १ | ५ |
| १४ | आट देखी सतिडाडा सिचाइ योजना | भेरी नगरपालिका ५ | ५ |
| १५ | छायाछत्र सिचाइ योजना | कुशे गाँउपालिका ६ | ५ |
| १६ | लहरेखोला सचाइ योजना | जुनिचाँदे गाँउपालिका ११ | ५ |
| १७ | भुइपुज्ने सिचाइ योजना | भेरी नगरपालिका ८ | ५ |
| १८ | चिसापानी सिचाइ पोखरी निर्माण | भेरी नगरपालिका ९ | ५ |
| १९ | सिमाखेत सिचाइ योजना | भेरी नगरपालिका ११ | ५ |
| २० | सादेखोला देखी तल्लो बरुन्दे सिचाइ योजना | भेरी नगरपालिका ११ | ५ |
| २१ | चिसाधारी गैरा सिचाइ योजना | जुनिचाँदे गाँउपालिका १ | ५ |
| २२ | सल्लेरी अलैची सिंचाई पोखरी निर्माण | शिवालय गाँउपालिका ६ | ५ |
| २३ | तागाचौर सिचाइ पोखरी निर्माण | जुनिचाँदे गाँउपालिका ११ | ५ |
| २४ | निमारे सिंचाइ कुलो निर्माण | शिवालय गाँउपालिका ९ | ५ |
| २५ | साउनेपानी देखि लुहादरा लोगेना सिंचाई योजना | बारेकोट गाँउपालिका ९ | ५ |
| २६ | घट्टे खोला सिंचाई कुलो निर्माण | बारेकोट गाँउपालिका ७ | ५ |
| २७ | भोटेखाडा डाडाचौर सिचाइ योजना | जुनिचाँदे गाँउपालिका ९ | ५ |
| २८ | स्वडारी खोला सिंचाई योजना | छेडागाड नगरपालिका १ | ५ |
| २९ | पादा सिर्की देखि घुरे सम्म सिंचाई | नलगाड नगरपालिका ५ | ५ |
| ३० | लिपेचौर सिंचाई कुलो | जुनिचाँदे गाँउपालिका ३ | ५ |
| ३१ | झिक्रा डडागाउँ सिंचाई योजना | छेडागाड नगरपालिका ८ | ५ |
| ३२ | ओडारखेत सिचाइ योजना | जुनिचाँदे गाँउपालिका ४ | ५ |
| ३३ | घलघले सिंचाइ योजना | छेडागाड नगरपालिका ९ | ५ |
| ३४ | रातिमाटि सल्याना कृषि सिंचाई | जुनिचाँदे गाँउपालिका ६ | ५ |
| ३५ | मुर्गा देखी घटाला सम्म सिचाई कुलो, | छेडागाड नगरपालिका १२ | ५ |
| ३६ | डाडा कटेरी सिचाई पोखरी निर्माण | जुनिचाँदे गाँउपालिका ८ | ५ |
| ३७ | हेराउतडा देखी ढाडखेत सिचाई | जुनिचाँदे गाँउपालिका २ | ५ |
| ३८ | धुलपहरा देखी फेरा सम्म सिचाई कुलो मर्मत | भेरी नगरपालिका १० | ५ |
| ३९ | राक्सीखोला देखी नोगेनखेत सम्म सिचाई | जुनिचाँदे गाँउपालिका ९ | ५ |

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, जाजरकोट

| क्र.स. | योजनाको नाम | ठेगाना | बजेट रु लाखमा |
|---|---|---|---|
| ४० | लिडिमिरी लुवाई सिचाई योजना | छेडागाड नगरपालिका ३ | ५ |
| ४१ | ओघारा खोला चौकीढुङ्गा पारिकरुवा सिचाई योजना | नलगाड नगरपालिका ३ | ५ |
| ४२ | सुवानाउली मेडुका सिचाइ योजना | छेडागाड नगरपालिका ६ | ५ |
| ४३ | किमरी खानी हुदै टाटापाखा सम्म सिचाइ योजना | छेडागाड नगरपालिका ११ | ५ |
| ४४ | भेटुखाना साना सिचाइ योजना | कुशे गाँउपालिका ३ | ५ |
| ४५ | साइनटाकुरा पोखरे साना सिचाइ योजना | शिवालय गाँउपालिका ३ | ५ |
| ४६ | देउलीदेखि हुम्लेखेत सम्म सिंचाई योजना | जुनिचाँदे गाँउपालिका २ | ५ |

आवश्यक कागजात:

१. आयोजनाको औचित्य र अनुदानग्राही वा सिंचाइ सुविधा पुग्ने क्षेत्रफल तथा सम्भाव्य बाली वस्तुको विवरण सहितको पुर्ण बिबरण सहितको निवेदन।
२. समिति गठन निर्णयको प्रतिलिपि।
३. मुहाँन दर्ताको प्रमाण पत्रको प्रतिलिपि वा पानीको मुहाँन र कुलो पास हुने जग्गामा कुनै विवाद नभएको सम्बन्धमा वडा वा स्थानीय तहको सिफारिस अनिवार्य
४. उपभोक्ता समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि।
५. सम्बन्धित स्थानिय तह/वडा कार्यालयको सिफारिस पत्र
६. पूर्ण रुपमा भरिएको प्रस्ताव फारम तथा अन्य आवश्यक कागजात।
७. आवेदन पेश गर्दा अनुदानग्राहीले एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म अनुदान माग गरेका कार्यक्रमका लागि एक सय रुपैयाँ र सो भन्दा बढी अनुदान माग भएको कार्यक्रमका लागि पाँच सय रुपैयाँ निवेदन दस्तुर कार्यालयको राजश्व खातामा बुझाएको बैंक भौचर वा नगद रसिद पेश गर्नु पर्नेछ।

दशरथ पाण्डे

नि. कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार

भूमि ब्यबस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि बिकास निर्देशनालय

# कृषि विकास कार्यालय, जाजरकोट

प.सं. : २०८१/०८२

मिति : २०८१/०५/२५

**बिषय : मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा निवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

सूचना नं : ०७

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८१/०५/२५**

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार बार्षिक रुपमा संचालन हुने **मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम**का लागी व्यावसायीक कृषकहरुबाट निवेदन पेशका लागी यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र (मिति २०८१।०६।२३ गते सम्म) सो दिन सार्वजनिक बिदा पर्न गएमा अर्को दिन कार्यालय समयमा तपसिलमा उल्लेखित कागजातहरु सहित **अनुसूचि-१८** अनुसारको फाराम यस कार्यालयमा पेश गर्न सूचित गरिन्छ। म्याद नाघेको वा रित नपुगी प्राप्त हुन आएका निबेदन उपर कुनै कारवाही हुने छैन। यस सम्बन्धी थप जानकारीका लागी कार्यालयको **website : adojajarkot.gov.np** मा हेर्न सकिने र कार्यालयको फोन नं ०८९-४३०१२५ मा सम्पर्क गर्न सकिने ब्यहोरा अनुरोध छ ।

तपसिल:

| सि नं | आयोजना/कार्यक्रमको नाम | न्यूनतम मापदण्डहरु | कैफियत |
|---|---|---|---|
| १. | मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम | १. खाद्यान्न बाली, फलफूल, तरकारी, आलु, मसलाबाली तर्फ न्यूनतम **पाँच रोपनी** तथा सघन फलफूलमा २.५ रोपनीमा खेती गरेको हुनुपर्ने। सिताके च्याउः पाँचसय मुढा, कन्ने च्याउः वार्षिक एक हजार गोला उत्पादन गरेको हुनु पर्नेछ। मौरीपालन- पचास घार<br>२. उन्नत तथा सुधारिएको खेती प्रविधि अवलम्बन गरिएको हुनु पर्ने।<br>३. स्रोतकेन्द्रको हकमा रजिष्टर्ड हुनुपर्नेछ।<br>४. एकपटक पुरस्कृत कृषकलाई एउटै स्तरमा पाँच वर्ष सम्म पुरस्कार कार्यक्रममा सहभागि गराईने छैन। | मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कारका लागी<br>➢ प्रथम (सर्वोत्कृष्ट) पुरस्कार १ जना रु तीस हजार<br>➢ द्धितीय पुरस्कार १ जना रु पच्चीस हजार<br>➢ तृतीय पुरस्कार १ जना रु बीस हजार<br>➢ जिल्लाबाट सर्वोत्कृष्ट पुरस्कार प्राप्त गर्ने १ जना कृषकलाई प्रदेशमा स्तर स्तर सर्वोत्कृष्ट पुरस्कारका लागी सिफारिस गरिने |

आवश्यक कागजातहरु:

१. अनुसूचि १८ अनुसारको निवेदन तथा पुर्ण विवरण भरिएको फाराम।
२. तालिम, पुरस्कार तथा सम्मान सम्बन्धीका प्रमाण पत्रको प्रतिलिपि।
३. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि।
४. अनुदान नलिएको स्वघोषणा पत्र, प्रतिबद्धता पत्र
५. सम्बन्धित वडा कार्यालय र कृषि विकास शाखाको सिफारिस पत्र।
६. एक थान पासपोर्ट साईजको फोटो अनिबार्य
७. आवेदन पेश गर्दा अनुदानग्राहीले एक सय रुपैयाँ निवेदन दस्तुर कार्यालयको राजश्व खातामा बुझाएको बैंक भौचर वा नगद रसिद पेश गर्नु पर्नेछ।

निमित कार्यालय प्रमुख

*नोट : निवेदन तथा अनुसूचि मालिका कम्प्युटर सेन्टर (कार्यालय गेट नजिक) तथा यस कार्यालयको website:adojajarkot.gov.np गई download अप्सनबाट अनुसूचि १८ Download गर्न सकिनेछ।*

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, जाजरकोट

प.सं. : २०८१/०८२

मिति : २०८१/०५/२५

च.नं.: ४२

बिषय : सूचना टाँस गरि जानकारी पठाईदिने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय, जाजरकोट।

श्री जिल्ला समन्वय समितिको कार्यालय, जाजरकोट।

श्री पशु अस्पताल तथा पशु सेवा कार्यालय, जाजरकोट।

श्री PMAMP, जाजरकोट।

श्री ASDP, जाजरकोट।

श्री उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, जाजरकोट।

श्री भेरी नगरपालिका, जाजरकोट।

श्री नलगाड नगरपालिका, जाजरकोट।

श्री छेडागाड नगरपालिका, जाजरकोट।

श्री शिवालय गाँउपालिका, जाजरकोट।

श्री जुनिचाँदे गाँउपालिका, जाजरकोट।

श्री कुशे गाँउपालिका, जाजरकोट।

श्री बारेकोट गाँउपालिका, जाजरकोट।

प्रस्तुत बिषयमा यस कार्यालयको मिति २०८१।०५।२५ गतेका दिन प्रकाशित तपसिल अनुसारका सूचनाहरु यसै पत्र साथ संलग्न राखि पठाईएको ब्यहोरा अनुरोध छ। साथै ताहाँ कार्यालयको सूचना पाटिमा टाँस गरि जानकारी पठाई सहयोग गरिदिनुहुन समेत अनुरोध छ।

**तपसिल:**

१. साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रमका लागि उपभोक्ता समिति गठन गरि सम्झौता गर्न आउने सम्बन्धी सूचना (सूचना नं ०५)

२. कार्यक्रम सँचालनका लागी प्रस्ताव आब्हान सम्बन्धि सूचना (सूचना नं ०६)

३. मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा निवेदन पेश गर्ने सम्बन्धी सूचना (सूचना नं ०७)

४. उत्पादन प्रोत्साहन कार्यक्रममा प्रस्ताव आब्हान सम्बन्धी सूचना (सूचना नं ०८)

**बोधार्थ:**

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश सुर्खेत: जानकारीका लागी अनुरोध छ।

श्री कृषि विकास निर्देशनालय, वीरेन्द्रनगर सुर्खेत: जानकारीका लागी अनुरोध छ।

श्री माननिय मन्त्री ज्यूको निजि सचिवालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश सुर्खेत: जानकारीका लागी अनुरोध छ।

२०८१/५/२५

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

फोन ०८९-४३०१२५

**website: www.adojajarkot.gov.npईमेल : akcjajarkot@gmail.com**